उपप्रमुख श्री किशोरी साहबाट

# जनकपुरधाम उपमहानगरपालिकाको

बाह्रौ अधिवेशनमा पेश भएको

आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य

जनकपुरधाम उपमहानगरपालिका

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

आदरणीय नगरसभा अध्यक्षज्यू, नगरसभाका सचिवज्यू, नगरसभा सदस्यज्यूहरु,

१. नेपालको संविधानको धारा २३० बमोजिम आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको अनुमान यस सम्मानित सभामा प्रश्तुत गर्न अनुमती चाहन्छु ।

२. प्रस्तुत सन्दर्भमा आदरणीय नगर प्रमुखज्यूबाट मिति २०८१ असार २६ गतेका दिन आ.व. २०८१/०८२ को लागि पेश भएको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानी आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आदरणीय नगरसभा अध्यक्षज्यू,

अब म चालु आर्थिक वर्षको आर्थिक गतिविधि, बजेटको समिक्षा तथा संसोधित अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

३. यस उपमहानगरपालिकाको १२ औं नगरसभाबाट आ.व. २०८१/०८२ को लागि रु. ३,०३,३२,४०,०००।०० (तिन अर्ब तिन करोड बत्तिस लाख चालिस हजार मात्र) वार्षिक बजेट स्वीकृत भै सामाजिक सुरक्षा रकम रु. ५० करोड र URLIP प्रोजेक्ट तर्फ रु. ४७ करोड ३६ लाख गरी जम्मा चालु बजेट तर्फ रु. २,०६,३४,८९,०००।०० (दुई अर्ब छ करोड चौतिस लाख उनान्नब्बे हजार) र पुंजिगत बजेट तर्फ रु. ९६,९७,५१,०००।०० (छयानब्बे करोड सन्तानब्बे लाख एकाउन्न हजार) विनियोजन गरिएको छ ।

४. स्विकृत संशोधित वार्षिक बजेट अनुसार चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म चालु बजेट तर्फ विनियोजित रकम रु. १,६६,८९,०७,७३६।०० (एक अर्ब छियासठी करोड उनान्नब्बे लाख सात हजार सात सय छत्तिस मात्र) र पूँजीगत विनियोजित रकम रु. १,११,१४,४४,२९०।०० (एक अर्ब एघाह्र करोड चौध लाख चौवालिस हजार दुई सय नब्बे मात्र) गरि कुल विनियोजित बजेट रु. २,७८,०३,५२,०२६।०० (दुई अर्ब अठत्तर करोड तिन लाख बाउन्न हजार छब्बिस मात्र) मध्येबाट चालु खर्च रु. ९१,४३,८७,२९७।६३ (एकानब्बे करोड त्रिचालिस लाख सतासी हजार दुई सय सन्तानब्बे रुपैयाँ पैसा त्रिसठी मात्र) भएको छ जुन कुल चालु बजेटको : ५४.७९ प्रतिशत हो र पूँजीगत खर्च रु. ३०,६९,४१,७४०।५० (तिस करोड उनान्सत्तरी लाख एक्चालिस

हजार सात सय चालिस रुपैयाँ पैसा पचास मात्र) भएको छ जुन कुल पूँजीगत बजेटको : २७.६२ प्रतिशत हो, यसै गरि जम्मा खर्च रु. १,२२,१३,२९,०३८।१३ (एक अर्ब बाइस करोड तेह्र लाख उनन्तीस हजार अडतीस रुपैयाँ पैसा तेह्र मात्र) भएको छ जुन कुल बजेटको : ४३.९२ प्रतिशत भएको जानकारी गराउन चाहन्छु ।

५. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म आन्तरिक आय श्रोततर्फ आन्तरिक राजश्व रु.१२,८८,८५,८३५।०० (बाह्र करोड अठासी लाख पचासी हजार आठ सय पैतिस मात्र) र राजश्व बाडफांडबाट रु.१६,९५,५५,५४५।०० (सोह्र करोड पन्चानब्बे लाख पच्पन्न हजार पाँच सय पैतालिस मात्र) र बैंक मौज्दात रु.३८,००,००,०००।०० (अडतिस करोड मात्र) गरी कुल आन्तरिक आय रु.६७,८४,४१,३८०।०० (सडसठी करोड चौरासी लाख एक्चालिस हजार तिन सय असी मात्र) तथा वाह्य श्रोततर्फ संघीय सरकार समानीकरण तर्फ जम्मा रु. ३२,५०,००,०००।०० (बत्तिस करोड पाचास लाख मात्र), सर्शत तर्फ जम्मा रु ६१,५४,००,०००।०० (एक्सठी करोड चौबन्न लाख मात्र) प्रदेश सरकारबाट रु. २,५१,७५,०००।०० (दुई करोड एकाउन्न लाख पच्हत्तर हजार मात्र) गरी कुल वाह्य आय रु. ९६,५५,७५,०००।०० (छयानब्बे करोड पच्पन्न लाख पच्हत्तर हजार मात्र) गरि जम्मा कुल आय रकम रु. १,६४,४०,१६,३८०।०० (एक अर्ब चौसठी करोड चालिस लाख सोह्र हजार तिन सय असी मात्र) संशोधित अनुमान गरिएको जानकारी गराउन चाहन्छु ।

आदरणीय नगरसभा अध्यक्ष्यज्यू,

अब म अगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य र प्राथमिकताहरुलाई स्थीरता, उत्पादन शिलता र रोजगार वृद्धी, समावेशी विकास, आत्मनिर्भरता र समृद्धीलाई ध्यानमा राखि बजेटका उद्देश्य निम्न अनुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

(क) जनकी मन्दिरलाई विश्व सम्पदा सूचिमा सूचिकृत गराउन आवश्क पहल गर्ने ।

(ख) नगरको भौतिक पूर्वाधारको विकासलाई गति प्रदान गर्ने ।

(ग) आमनगरवासीलाई गुणस्तरिय शिक्षा र आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।

(घ) लैंगिक समानता, सामाजिक समावेशिकरण र सामाजिक सुरक्षा  मार्फत विभेदमुक्त समाज निर्माण गर्ने ।

(ङ) रोजगारी सृजना र गरिबी न्यूनिकरणमा टेवा पुर्याउने ।

(च) पर्यटन प्रवर्द्धन गरी नगरलाई आकर्षक पर्यटनको गन्तव्यस्थल बनाउने ।

(छ) सुशासन प्रवर्द्धन र संस्थागत सबलिकरणमा जोड दिने ।

(ज) कृषि, उद्योगको विकास र उद्यमशिलताको प्रवर्द्धन गर्ने ।

(झ) स्वच्छ, सुन्दर, सरसरफाईयुक्त र हरियालीयुक्त नगरको विकास गर्ने ।

(ञ) नगर वासिको रहर- "साझा, सुन्दर समृद्ध हरित सहर" गर्ने

(ट) ग्रामिण सडक तथा पुल निर्माण गर्ने

(ठ) ग्रामिण विधुतीकरण गर्ने

(ड) विधुतीय सेवा प्रवाह, ग्रामिण इन्टरनेट सेवा विस्तार गर्ने

(ढ) नवपर्वतन/निजि साझेदारी योजना सञ्चालन गर्ने

**आदरणीय नगरसभा अध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को आय तथा व्यय को अनुमान पेश गर्न अनुमति चाहन्छु ।

६. आर्थिक वर्ष ०८१/०८२ को लागी कुल बजेट रु. ३,०३,३२,४०,०००।०० **(तिन अर्ब तिन करोड बत्तिस लाख चालिस हजार मात्र)** बिनियोजन गरेको छु। बिनियोजित खर्चमध्ये सामाजिक सुरक्षा ५० करोड, URLIP ४७ करोड ३६ लाख मात्र गरी जम्मा चालु तर्फको खर्च रु. २,०६,३४,८९,०००।०० **(दई अर्ब छ करोड चौतिस लाख उनान्असी हजार मात्र)** र पुंजिगत खर्च रु. ९६,९७,५१,०००।०० **(छयानब्बे करोड सन्तानब्बे लाख एकाउन्न हजार मात्र)** बिनियोजन गरेको छु ।

७. चालु खर्च तथा पुँजिगत खर्चका शिर्षकगत कार्यक्रमहरु समावेश भएको विनियोजन विधेयक र करको दर र दायराको विवरण समावेश भएको आर्थिक विधेयकमा विस्तृत विवरण उल्लेख गरी राजश्व र व्ययको अनुमान पेश गरेको छु ।

उल्लेखित राजश्व र व्ययको खर्चको प्रभावकारी कार्यान्वयन मार्फत अपेक्षित उपलब्धीहरु हासिल गर्न सबैको सहकार्य आवश्यक हुन्छ । यसका लागि सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु र यसका नेतृत्व वर्ग, कर्मचारीहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मी ज्यूहरु र आम जनसमुदायमा हार्दिक आव्हान गर्दछु ।

किशोरी साह
उपप्रमुख
जनकपुरधाम उपमहानगरपालिका